स्थानीय राजपत्र

सैनामैना नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्ड २) सैनामैना नगरपालिका, पुस १७ गते, २०७९ साल ६(
संख्या ६०)

# नगर प्रमुखसँग बालबालिका कार्यक्रम कार्य सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना:**

नगर क्षेत्र भित्रका सवै वालवालिकाहरुलाई विद्यालय भर्ना गरी ति वालवालकिाहरको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विविध शैक्षिक कार्यक्रमहरु संचालन गर्न र वाल अधिकार संरक्षण गर्न वाञ्छनीय भएकोले सैनामैना नगरपालिकाको केही कानून तर्जुमा तथा व्यवस्थापन गर्न वनेको ऐन २०७४ को दफा ४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी सैनामैना नगर कार्यपालिकाबाट स्वीकृत गरी यो "नगर प्रमुखसंग वालवालिका कार्यक्रम कार्य सञ्चालन कार्यविधि, २०७९" वनाइ लागू गरिएको छ ।

# परिच्छेद- १

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "नगर प्रमुखसंग वालवालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

# परिच्छेद-२

## परिभाषा

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले सैनामैना नगरपालिकालाई जनाउँछ ।

(ख) "कार्यविधि" भन्नाले सैनामैना नगरपालिका "नगर प्रमुखसंग वालवालिका कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" सम्झनु पर्छ ।

### ३. कार्यक्रमको उद्येश्य

नगर क्षेत्र भित्रका सवै वालवालिकाहरुलाई विद्यालय भर्ना गरी ति वालवालकिाहरको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विविध शैक्षिक कार्यक्रमहरु संचालन गर्ने ।

### ४. "नगर प्रमुखसंग वालवालिका कार्यक्रम" संचालन गर्न सकिने क्षेत्रहरुः

क) विद्यालय उमेर समुहका विद्यालय भर्ना नभएका वालवालिकालाई विद्यालय भर्ना गर्ने कार्यक्रम ।

ख) सामुदायिक विद्यालयका गरीव तथा जेहन्दार वालवालिकालाई पोशाक तथा शैक्षिक सामग्री ।

ग) अल्पसंख्यक तथा विपन्न वालवालिकालाई छात्रवृत्ति ।

घ) सामुदायिक विद्यालयको कक्षा कोठा व्यवस्थापन तथा फर्निचर व्यवस्था ।

ङ) खेलकूद संचालन तथा खेल सामग्री वितरण ।

च) वालवालिकासंग सम्वन्धित रेडियो, टेलिभिजन सामग्री उत्पादन र प्रसारण ।

छ) विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम तथा विद्यार्थी पुरस्कार ।

ज) वाल स्वास्थ्य वन तथा वातावरण र सचेतनामूलक कार्यक्रम ।

झ) श्रव्य दृष्य सामग्री उत्पादन तथा प्रसारण ।

**५. कार्यक्रम स्वीकृत सम्वन्धी व्यवस्था**

"नगर प्रमुखसंग वालवालिका कार्यक्रम" संचालनको लागि नगर शिक्षा समितिबाट कार्यक्रम स्वीकृत गरी संचालन गर्ने ।

**६. बाधा अडकाउ फुकाउने अधिकार** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ
परेमा वा ब्याख्या गर्ने अधिकार सैनामैना नगर कार्यपालिकालाई हुनेछ ।

**७. अनुगमन:** संचालन गरेका क्रियाकलापको नियमित अनुगमन नगरपालिकाले गरि आबश्यक निर्देशन दिन सक्ने छ ।

**८.अन्य:** यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

**९.संशोधन** : यस कार्यविधि आवश्यकता अनुसार नगरकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**१०. खारेज तथा वचाउः** यो कायविधि प्रचलित कुनै ऐन कानुनसंग वाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ ।

प्रमाणिकरण मितिः २०७९/०९/१७

**आज्ञाले**
जनक थापा
प्रमुख प्रशासकीय अधिकृत